# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष - २, आ.व. २०८२/८३ २०८२ चैत्र

## सारांश

कोशी प्रदेश सरकारको चालु आ.व.२०८२/८३ को **चैत्र मसान्तसम्मको** समग्र आय-व्ययको विवरण समावेश गरी यो अंकको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ। गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८२/८३ को चैत्र महिनासम्म प्रदेशको कुल खर्चमा २३.८ प्रतिशतले कमी आएको छ। गत आर्थिक वर्षको चैत्र महिनासम्ममा कुल विनियोजनको ४१.१ प्रतिशत खर्च भएको थियो भने चालु आर्थिक वर्षको चैत्र महिनासम्ममा कुल विनियोजनको ३०.७२ प्रतिशत मात्र खर्च भएको छ। गत वर्षको तुलनामा चैत्र मसान्तसम्ममा संघबाट प्रदेशलाई प्राप्त हुने अनुदानको वार्षिक लक्ष्यको ६१.९६ प्रतिशत प्राप्त भएको थियो भने चालु आर्थिक वर्षमा सोही समयको अवधिमा ६२.८१ प्रतिशत प्राप्त भएको छ।


## कोशी प्रदेशको सरकारी खर्च

१. चालु आ.व.२०८२/८३ को **चैत्र महिनासम्म** वार्षिक विनियोजनको तुलनामा चालु खर्च, पूँजीगत खर्च, स्थानीय तह अनुदान र कूल खर्चको प्रगति प्रतिशत देहाय अनुसार रहेको छः-

| चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान | कूल खर्च |
|---|---|---|---|
| ३१.५८% | २४.३४% | ५०.२४% | ३०.७२% |

**चार्ट (क) - तीन आर्थिक वर्षको चैत्र मसान्तसम्मको खर्चको अवस्था**

(रु.लाखमा)




*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

२. आर्थिक वर्ष २०८२/८३ को चैत्र महिनासम्म जम्मा रु.११ अर्ब ४ करोड ४१ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रु.४ अर्ब २७ करोड ७१ लाख र पूँजीगत खर्च रु.४ अर्ब १७ करोड २६ लाख रहेको छ।

**तालिका (क)- पछिल्लो तीनवर्षको चैत्र महिनासम्मको खर्चको तुलनात्मक स्थिति**

(रु.लाखमा)

| बजेट शीर्षक | आ.व.२०८०/८१ | | | चालु आ.व.२०८१/८२ | | | चालु आ.व.२०८२/८३ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | प्रगति | बजेट | खर्च | प्रगति | बजेट | खर्च | प्रगति |
| चालु खर्च | १२७२२५ | ५४७७३ | ४३.१% | १३३४२९ | ६०९२२ | ४५.७% | १३५४३० | ४२७७१ | ३१.५८% |
| पूँजीगत खर्च | २०४१२१ | ६०९१० | २९.८% | १७२७९३ | ५६०९४ | ३२.५% | १७१४३० | ४१७२६ | २४.३४% |
| वित्तीय व्य. | १०० | ० | - | २०० | ० | - | १००० | ० | ०.००% |
| स्थानीय तह अनुदान | ३६७४५ | २०९४८ | ५७.०% | ४६३७१ | २७९१४ | ६०.२% | ५१६३९ | २५९४३ | ५०.२४% |
| कुल खर्च | ३६८१९१ | १३६६३१ | ३७.१% | ३५२७९३ | १४४९३० | ४१.१% | ३५९४९९ | ११०४४१ | ३०.७२% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

३. चालु आ.व.२०८२/८३ को चैत्र महिनासम्मको कुल खर्चमध्ये सबैभन्दा बढी चैत्र महिनामा रु.२ अर्ब ४५ करोड १७ लाख खर्च भएको छ, भने सबै भन्दा कम श्रावण महिनामा रु. ८ करोड २८ लाख खर्च भएको छ।

**तालिका (ख) आ.व.२०८२/८३ चैत्रसम्मको मासिक खर्चको विवरण**

(रु.लाखमा)

| महिना/शीर्षक | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान | मासिक जम्मा | मासिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| श्रावण | ८१२ | १६ | ० | ८२८ | ०.७५% |
| भदौ | ५४५४ | १३४१ | ११९५ | ७९९० | ७.२३% |
| असोज | ६७०६ | ५५१८ | ७२१३ | १९४३७ | १७.६०% |
| कार्त्तिक | २९३९ | १४४६ | ३१८ | ४७०३ | ४.२६% |
| मंसीर | ४७७७ | ३३६५ | ३७२९ | ११८७१ | १०.७५% |
| पुष | ६२६७ | ५३५१ | ३९७७ | १५५९५ | १४.१२% |
| माघ | ४३२१ | ५९३३ | १३३६ | ११५८९ | १०.४९% |
| फाल्गुन | ५२१३ | ५८८५ | २८१२ | १३९१० | १२.५९% |
| चैत्र | ६२८२ | १२८७२ | ५३६४ | २४५१७ | २२.२०% |
| चैत्रसम्मको जम्मा | ४२७७१ | ४१७२६ | २५९४३ | ११०४४१ | १००.००% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

## कोशी प्रदेशको राजस्व तथा अनुदान प्राप्ति

४. आ.व.२०८२/८३ चैत्र मसान्तसम्म संघीय राजस्व बाँडफाँट र आन्तरिक राजस्व समेत रु.११ अर्ब ५५ करोड ७ लाख **(वार्षिक लक्ष्यको ६३.३०%)** राजस्व सङ्कलन वा प्राप्ति भएको छ। यसैगरी संघ अनुदानको जम्मा रु.९ अर्ब १० करोड ९१ लाख **(वार्षिक लक्ष्यको ६२.८१%)** निकासा प्राप्त भएको छ। यस

अवधिमा राजस्व र अनुदान गरी जम्मा रु.२० अर्ब ६५ करोड ९८ लाख रकम प्रदेश सञ्चित कोषमा प्राप्ति भएको छ।

### तालिका (ग)- तीन आ.व.को (चैत्र सम्मको) राजस्व तथा अनुदान प्राप्तिको विवरण

(रु.लाखमा)

| आय शीर्षक | २०८०/८१ चैत्रसम्मको प्राप्ति | २०८१/८२ चैत्रसम्मको प्राप्ति | चालु आ.व.२०८२/८३ | | | गत आ.व.को तुलनामा वृद्धि |
|---|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | चैत्रसम्मको प्राप्ति | प्राप्ति प्रतिशत | |
| संघीय राजस्व बाँडफाँट (VAT, अन्तःशुल्क र रोयल्टी) | ७०००८ | ७७७०८ | १२७४६६ | ८६४०३ | ६७.७९% | ११.१९% |
| प्रदेशको आन्तरिक राजस्व (स्थानीय तहबाट प्राप्त हुने समेत) | २६८१७ | ३३३९७ | ५५००० | २९१०४ | ५२.९२% | -१२.८६% |
| संघ वित्तीय समानीकरण अनुदान | ४८९५४ | ६३५६८ | ८९८३४ | ६३२७० | ७०.४३% | -०.४७% |
| सशर्त अनुदान | ३४७६२ | १७६३१ | ४५७१० | २४६८१ | ५४.००% | ३९.९९% |
| समपूरक अनुदान | ४८१८ | ४३२३ | ३९१७ | १३०१ | ३३.२१% | -६९.९१% |
| विशेष अनुदान | ४०२६ | ४५७८ | ५५७२ | १८३९ | ३३.००% | -५९.८३% |
| **जम्मा** | **१८९३८५** | **२०१२०५** | **३२७४९९** | **२०६५९८** | **६३.०८%** | **२.६८%** |

नोटः नगद मौज्दात रु. ३ अर्ब १३ करोड समेत चालु आ.व. २०८२/८३ को कुल आय अनुमान रु. ३५ अर्ब ८७ करोड ९९ लाख रहेको छ।

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

५. प्रदेशका निकायबाट सङ्कलन हुने र स्थानीय तहबाट बाँडफाट भई प्राप्त हुने समेत २०८२ चैत्र मसान्तसम्म प्रदेशको आन्तरिक राजस्व सङ्कलनको विवरण देहाय अनुसार रहेको छः-

### तालिका (घ)- आ.व.२०८२/८३ को चैत्रमसान्तसम्म आन्तरिक राजस्व सङ्कलनको मासिक विवरण

(रु.लाखमा)

| महिना/ शीर्षक | सवारी साधन कर | घरजग्गा रजिष्ट्रेशन शुल्क | अनुमतिपत्र, यातायात क्षेत्रको आम्दानी | व्यवसाय रजिष्ट्रेशन दस्तुर | अनुदान/निकासा फिर्ता, बेरुजु | *स्थानीय तहबाट प्राप्त | शुल्क/दस्तुर/ जरिवाना | जम्मा मासिक राजस्व |
|---|---|---|---|---|---|---|---|---|
| श्रावण | ० | ० | ५६५ | ७२ | २४ | ३६ | १७२ | ८६९ |
| भदौ | ११२७ | ९६ | ४५१ | ७६ | ४७ | ४ | २०६ | २००६ |
| असोज | ९३६ | १००५ | ७७ | ४६ | १९ | १५ | ८९ | २१८८ |
| कात्तिक | ३३८ | ११७९ | २९३ | ४८ | १०५ | १७ | २३१ | २२१० |
| मंसिर | १६७२ | १०२७ | ७१६ | ६१ | ६५ | ५ | २९० | ३८३६ |
| पुष | १७०२ | ७७३ | ८२७ | ६४ | ४४ | २७८ | ७९६ | ४४८३ |
| माघ | १७८३ | १६२८ | ७३२ | ४९ | २९० | ३९९ | ३४५ | ५२२६ |
| फाल्गुन | १३६७ | २२० | ५२० | ३० | ७० | २३२ | ५२१ | २९६१ |
| चैत्र | ९८८ | १५१३ | ८२६ | ६२ | ३१४ | ५६१ | १०६१ | ५३२६ |
| चैत्रसम्मको जम्मा | ९९१४ | ७४४२ | ५००७ | ५०७ | ९७८ | १५४७ | ३७०९ | २९१०४ |
| वार्षिक लक्ष्य | १८४०० | १५००० | ८००० | ९०० | ३३०० | ५०२६ | ४३७४ | ५५००० |

| महिना/ शीर्षक | सवारी साधन कर | घरजग्गा रजिष्ट्रेशन शुल्क | अनुमतिपत्र, यातायात क्षेत्रको आम्दानी | व्यवसाय रजिष्ट्रेशन दस्तुर | अनुदान/निकासा फिर्ता, बेरुजु | *स्थानीय तहबाट प्राप्त | शुल्क/दस्तुर/ जरिवाना | जम्मा मासिक राजस्व |
|---|---|---|---|---|---|---|---|---|
| चालु आ.व. चैत्र सम्मको प्रगति | ५३.८८% | ४९.६१% | ६२.५९% | ५६.३६% | २९.६४% | ३०.७८% | ८४.८०% | ५२.९२% |
| गत आ.व. चैत्र सम्मको प्राप्ति | १०५०१ | ८३६९ | ४९३५ | ६४८ | ३८८४ | २०३२ | ३०२८ | ३३३९७ |
| वृद्धि प्रतिशत | -५.५९% | -११.०८% | १.४६% | -२१.७३% | -७४.८२% | -२३.८६% | २२.५०% | -१२.८५% |


(*स्थानीय तहबाट प्राप्त राजस्वमा प्राकृतिक स्रोत विक्री शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

६. गत आ.व.२०८१/८२ को चैत्रमसान्तसम्मको तुलनामा चालु आ.व.२०८२/८३ को चैत्रमसान्तसम्म प्रदेशको आन्तरिक राजस्वमा १२.८५ प्रतिशतले कमी आएको छ। गत वर्षको तुलनामा आन्तरिक राजस्व संकलनमा चालु आ.व.मा यातायात क्षेत्रको आम्दानीमा सामान्य वृद्धि भएपनि अन्य शिर्षकमा राजस्व असुलीमा कमी आएको छ।

**चार्ट (ख)- तीन आर्थिक वर्षको चैत्र महिनासम्मको आन्तरिक राजस्व सङ्कलनको अवस्था**

(रकम रु.लाखमा)




(*स्थानीय तहबाट प्राप्त राजस्वमा प्राकृतिक स्रोत विक्री शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*


**सम्पादन तथा प्रकाशन**

**कोशी प्रदेश सरकार**

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

**(वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा)**

**विराटनगर, नेपाल**